वार्ड सचिव तथा सामाजिक परिचालक साथीहरू, निम्नानुसारका निर्णयहरू कार्यान्वयनको लागि अनुरोध छ ।

## मिति २०७४।१०।१५ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय

**निर्णय नं. ४,**

आ.ब. २०७४।०७५ को बजेट तथा कार्यक्रम अनुसार इलाम नगरपालिकाबाट सुत्केरी सुविधा उपलब्ध गराउने व्यवस्था भएकोमा हालसम्म दर्ता भएका आवेदन अनुसारको सुत्केरी सुविधा तत्कालै उपलब्ध गराई आयन्दा पूर्व निर्णयानुसार सुत्केरी भएको १ महिना भित्रमा सुत्केरी सुविधाका लागि आवेदन दर्ता भएमा सो १ महिनाको अवधिभित्रै सो सुविधा वडा सचिवमार्फत उपलब्ध गराउने निर्णय गरियो । शिशु जन्म भई मरेको अवस्थामा अस्पताल तथा स्वास्थ्य केन्द र सम्बन्धित वडाको महिला सदस्यको सिफारिसमा वडा सचिवमार्फत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५,**

इलाम नगरपालिकाको प्रथम नगर सभाबाट पारित आ.ब. २०७४।०७५ को बजेट र कार्यक्रमलाई आगामी दोस्रो नगर सभाबाट संशोधन गर्नु पर्ने आवश्यकता भएकोले संशोधन प्रस्ताव तयार गरी दोस्रो नगर सभामा लैजाने साथै आ.ब. २०७४।०७५ को बजेटअन्तर्गत निम्नानुसारको व्यवस्थापन मिलाई संशोधित बजेटमा समायोजन गर्ने निर्णय गरियो ।

निम्न:

(क) इलाम न.पा. को सिमेण्ट, रड, ढुंगा, बालुवा, इटा र काठ प्रयोग हुने पूर्वाधार निर्माण कार्यमा २० प्रतिशत र अन्यमा ३० प्रतिशत उपभोक्ताको नगद लागत सहभागिता राखेर योजना सम्झौता तथा कार्यान्वयन गर्ने ।

(ख) इलाम नगरपालिकामा विभिन्न निकायहरुबाट प्राप्त हुने आय रकमलाई सञ्चित कोष खातामा आम्दानी जनाई तोकिए अनुसारको खर्च खाताबाट खर्च लेख्ने व्यवस्था गर्ने ।

**निर्णय नं. ७,**

इलाम नगरपालिकाअन्तर्गत साना योजनाहरू सञ्चालनका क्रममा सदरमुकामदेखि टाढाका वडाबाट उपभोक्ता समितिका पदाधिकारीहरु कार्यालयमा प्रशासनिक कामकाजका लागि आउँदा जाँदा खर्चिलो, झण्झटिलो भइरहेको र मिति २०७४।१०।१३ को वडा सचिवहरुको बैठकबाट आ.ब. २०७४।०७५ का योजनाहरुलाई छिटोछरितो हुने गरी सञ्चालनका लागि साना योजनाहरू वडासचिवमार्फत सञ्चालन हुन नीतिगत निर्णयका लागि अनुरोध भइआएको हुनाले आ.ब. २०७४।०७५ अन्तर्गत रु १ लाख भन्दा कम बजेट भएका स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि वडासचिवलाई पेश्की दिई निजैमार्फत पेश्की फछर्यौट समेत हुने गरी व्यवस्थापन गर्ने गराउने निर्णय गरियो ।

## मिति २०७४।१०।१३ गतेको वडा सचिवहरुको बैठकको निर्णय

(१) साविकको स्थानीय स्वायत्त शासन ऐन, २०५५ खारेज भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई साविकको स्थानीय निकाय स्थानीय सरकारमा रुपान्तरण भएको र सङ्घीय संरचना अनुसार कार्य भइरहेको हालको सङ्क्रमणकालीन अवस्थामा वडा कार्यालयका विभिन्न काम गर्दै जाँदा कतिपय अवस्थामा प्रष्ट हुन हुनु पर्ने भएको हुनाले वडा सचिवहरुको प्रत्येक महिना बैठक बस्नु आवश्यक भएकोले वडा सचिवहरुको नियमित बैठक प्रत्येक महिनाको ३ गते बिहान ८ बजे नगर कार्यपालिकाको कार्यालयमा बस्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

(२) निम्नानुसारका बुँदाहरुमा छलफल गरी वडा कार्यालयको काम कार्वाहीलाई अझ प्रभावकारी गरी स्थानीय सुशासनको अनुभूति जनताहरुमा गराउने प्रतिबद्धता व्यक्त गर्दै नीतिगत निर्णय हुनु पर्ने निम्नानुसारका बुँदाहरुमा नीतिगत निर्णयका लागि श्रीमान् प्रमुखज्यूमा पेश गर्ने निर्णय गरियो ।

**निम्न :**

- इलाम न.पा.को आ.ब. २०७४।०७५ को स्वीकृत योजना तथा कार्यक्रमहरुलाई तीब्रताका साथ प्रगतितर्फ लैजानका लागि स्वीकृत कार्यक्रमहरुमध्ये रु ६०,०००।०० सम्मका योजना तथा कार्यक्रम वडा सचिवमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।
- नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमलाई वडा वडामा अझ प्रभावकारी बनाउनका लागि वडा सचिवहरूले सो बीमा अनिवार्य गर्ने र वडामा अन्य व्यक्तिहरुलाई समेत सो बीमा गराउनका लागि प्रोत्साहित गर्न अभियान सञ्चालन गर्ने ।

- इलाम नगरपालिका, घर निर्माण तथा मर्मत कार्य गर्ने मजदुर कल्याण कोष सञ्चालन कार्यविधि, २०७४ को दफा १७ अनुसार इलाम नगरपालिका क्षेत्रभित्र घर निर्माण तथा मर्मत कार्य गर्ने निर्माण व्यवसायीले अनिवार्य रुपमा यस कार्यालयमा व्यवसाय दर्ता गराउनु पर्ने भएको र मजदुर (डकर्मी, सिकर्मी, प्लम्बर, पेन्टर, वेल्डरलगायत साधारण लेवर) ले व्यवसाय दर्ताको लागि स्वीकृतिपत्र लिनु पर्ने भएकोले आ-आफ्नो वडा कार्यालयबाट निवेदन फाराम वितरण गरी उल्लिखित व्यवस्थालाई प्रभावकारी गर्ने गराउने ।
- नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय, सामाजिक सुरक्षा कोषको च.नं. २७५ मिति २०७४।८।२७ को पत्रानुसार करयोग्य आयको स्ल्यावमा १ प्रतिशत सामाजिक सुरक्षा करकट्टी गरेको विवरण अनुसार कर्मचारीहरुको पूरा विवरण भरी १ हप्ता भित्रमा इलाम नगरपालिका, आर्थिक प्रशासन शाखामा पठाउने ।
- वडा भित्र रहेका महिला स्वास्थ्य स्वयम्सेविकाहरुको अभिलेख अद्यावधिक राखी ६० वर्ष उमेर पूरा भएका महिला स्वास्थ्य स्वयम्सेविकाहरुको नामावली इलाम नगरपालिका, आर्थिक प्रशासन शाखामा पठाउने ।
- इलाम नगरपालिकाको शिक्षा नियमावली २०७४ बमोजिम वडा कार्यालयको भूमिका अनुसारको कार्यलाई अगाडि बढाउने ।
- इलाम न.पा. तथा मातहत वडा कार्यालयको जग्गा, भवन र सवारी साधनहरुको अभिलेख तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ अनुसार नगरपालिकामा हस्तान्तरण भई आउने सम्पत्ति, दायित्व तथा बजेटको अभिलेख अद्यावधिक गरी राख्नु पर्ने भएको हुँदा सो विवरण र वडा कार्यालयको मातहत तथा संरक्षणमा रहेको जग्गा तथा भवनको कायम मूल्यसहितको विवरण, जग्गा धनी दर्ता प्रमाण पूर्जा र सवारी साधनको ब्लु बुकसहित जिन्सी शाखामा सम्पर्क राखी अभिलेख अद्यावधिक कार्यमा सहयोग गर्ने ।

- वडा कार्यालयअन्तर्गत कार्यरत कर्मचारी तथा सामाजिक परिचालकहरुको प्रत्येक महिनाको हाजिरी उतार वडा सचिवको मासिक बैठकमा ल्याउने व्यवस्था मिलाउने ।
- म.ले.प. को निर्देशन अनुसार कार्यालयको अभिलेखमा रहेका पेश्की तथा बेरुजुहरुलाई यथासमयमा फछ्र्यौट गरी पेश्की तथा बेरुजु शून्य बनाउनु पर्ने भएकोले तत्सम्बन्धी पत्राचार गरी फायललाई अद्यावधिक गर्ने र पेश्की फछ्र्यौट तथा बेरुजु फछ्र्यौटका लागि वडा कार्यालयले लेखेको पत्रको बोद्यार्थपत्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा पनि पठाउने व्यवस्था मिलाउने ।
- यस कार्यालय र मातहतका वडा कार्यालयमा कार्यरत स्थानीयतर्फका कर्मचारीहरुको व्यक्तिगत फायल अद्यावधिक गर्ने कार्य भइरहेको हुँदा कर्मचारी फायलका कागजातहरूको छायाँप्रति अभिलेखका लागि वडा कार्यालयमा राखी कर्मचारी व्यक्तिगत फायल इलाम नगरपालिका, प्रशासन शाखामा उपलब्ध गराउने
- वडा कार्यालयमा अद्यावधिक गरी राखिएको बाँकी बक्यौता लगत रजिस्टरको प्रत्येक पाना फोटोकपी गरी कार्यालयको राजश्व शाखामा पठाउने र बाँकी बक्यौता लगत रजिस्टरमा नाम भएका सेवाग्राहीलाई सो बाँकी बक्यौता असुल भएपछि मात्र सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन वडा समितिमा छलफल गरी सो लगतलाई नियमित रुपमा अद्यावधिक गरि रहने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ अनुसार २०७५ साल श्रावण १ गतेदेखि नगरपालिकाले आफ्नो अधिकार क्षेत्रमा एकीकृत सम्पत्ति कर मात्र लगाउनु पर्ने भएकोले सो कार्यका लागि एकीकृत सम्पत्ति कर स्वयम् घोषण आवेदन फाराम संकलन कार्य शुरु गर्दै लैजान र करदातालाई तत्सम्बन्धी जानकारी दिनका लागि जिन्सी शाखामा सम्पर्क गरी एकीकृत सम्पत्तिकर स्वयम् घोषणा आवेदन फाराम लैजाने र वडा वडामा अभिमुखीकरण कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने ।
- इलाम नगरपालिका प्लास्टिक झोलामुक्त क्षेत्र भएको हुनाले तत्सम्बन्धी सूचना वडा कार्यालयको भित्ता र वडा भित्रका शैक्षिक संस्था एवम् स्वास्थ्य संस्थाहरुमा सबैले देख्ने गरी टाँस गर्न लगाउने ।
- इलाम नगर क्षेत्र भित्रका शैक्षिक संस्था र स्वास्थ्य संस्थाहरुको साइन बोर्डमा नगरको दूरदृष्टि – स्वच्छ समृद्ध सुसंस्कृत इलाम अंकित साइनबोर्ड परिवर्तन गराउनका लागि वडा कार्यालयको तर्फबाट सामाजिक परिचालकहरुलाई तत्कालै परिचालन गरी आफ्नो वडा भित्रका शैक्षिक संस्था, पशु सेवा केन्द्र, कृषि सेवा केन्द्र र स्वास्थ्य संस्थाहरुमा फलोअप गर्ने र सोको प्रगति विवरण पठाउने ।

- इलाम नगरपालिकाका विषयगत फोकल पर्सनहरुबाट प्रवाह हुने सेवालाई विगतभन्दा अझ प्रभावकारी बनाई स्थानीय सुशासनलाई प्रवर्द्धन गर्दै नागरिकहरुको गुनासोलाई यथासमयमा तत्काल सम्बोधन गरी सुशासनको अनुभूति गराउनका लागि विषयगत फोकल पर्सनहरुको सम्पर्क नम्बरलाई सर्व साधारणले देख्ने गरी वडा कार्यालयको भित्तामा टाँस गर्ने व्यवस्था मिलाउने र जनतालाई प्रवाह गर्ने सेवा सुविधालाई विगत भन्दा अझ चुस्त, दुरुस्त र छिटोछरितो गर्नका लागि वडा सचिव र विषयगत फोकल पर्सन बीच दोहोरो संवादलाई नियमित गर्ने ।

  कृषि – प्रा.स. श्री केशर मङराती ९८५२६८१६९५, ५२००४६

  पशुसेवा – पशु चिकित्सक श्री हरिनारायण यादव, ९८४४६८४०१०, ५२००४३

  वन – स.व.अ. श्री गोपाल भट्टराई, ९८४४०३१६२९, ५२००२७

  शिक्षा – शिक्षा अधिकृत श्री डम्बर सुवेदी ९८४२६३५१३०/स्रोतव्यक्ति श्री लीलाबल्लभ खनाल, ९८४४६९१३२५

  स्रोत व्यक्ति रोमनाथ शर्मा ९८४४६५५६१०

  आयुर्वेद – कविराज श्री मन्जु सुवेदी, ५२००४०

  स्वास्थ्य – संयोजक श्री मुरारी देव ९८१७९६७२९८,५२००३६  सहसंयोजक रमन्ता पौडेल ९८४२६२७२०१,

  महिला विकास – म.वि.नि. श्री गौरा भट्टराई ९८४२६४६४७४

  इलाम अस्पताल – ना.सु. रीता अधिकारी, ९८४२७४०५४०